आज मिति २०७८।०३।२१ गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वा.वडा अध्यक्ष वडा नं. ७ | रामप्रसाद |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाव ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७८।०३।२१**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.८ कार्यालयबाट मैते मुक्तानको श्रीमती हिरीमाया कुमारीको घर अविरल वर्षाको कारण भत्केर पूर्ण रुपमा क्षतिग्रस्त भैसकेकोले आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.१ कार्यालयबाट पुलकित महतो कोइरीको छोरा जगदेव महतोको घर अविरल वर्षाको कारण भत्किएको हुंदा आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.११ कार्यालयबाट तुलसी स्वास्थ्य चौकी चुरेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कोभिड उपचारका लागि स्वास्थ्य सामाग्रीहरु प्राप्त भएको भनी सिफारिस साथ उक्त कार्यको लागि भएका खंहरुको विल भर्पाइहरु संलग्न राखी पठाइएको सम्बन्धमा ।

प्रस्ताव नं.४) सडक निर्माण ठेक्काको कार्यसम्पन्न गर्नुपर्ने मितिको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.५) विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) आ.व.२०७७।०७८ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका निम्न जटिल प्रकृतिका आयोजनाहरु उपभोक्ता समितिहरुसंग सम्झौता भैसकेका कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) नगर उप प्रमुखज्यूबाट प्रदेश न.२ सरकारद्वारा स्थानीय तहका पदाधिकारीहरुलाई दिने भनी तोकिएको सेवा सुविधाहरु मध्ये यातायात खर्च र इन्धन खर्च हालसम्म पनि लागु भएको समयबाट प्राप्त नभएको हुंदा सो वापतको नियम अनुसार पाउनु पर्ने रकम सुविधा उपलब्ध गराइदिनु हुन भनी मिति २०७८।०३।०३ को निवेदनबाट अनुरोध भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु** :

निर्णय नं.१) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.३०९३ मिति २०७८।०३।२१ को पत्रबाट मैते मुक्तानको श्रीमती हिरीमाया कुमारीको घर अविरल वर्षाको कारण भत्केर पूर्ण रुपमा क्षतिग्रस्त भैसकेकोले आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.१८८७ मिति २०७८।०३।२१ को पत्रबाट श्री पुलकित महतो कोइरीको छोरा जगदेव महतो कोइरीको घर अविरल वर्षाको कारण भत्किएको हुंदा आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो

निर्णय नं.३) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.२१६६ मिति २०७८।०३।२१ को पत्रबाट तुलसी स्वास्थ्य चौकी चुरेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समाजसेवी श्री डोर कुमार श्रेष्ठ (काजी बाबु) मार्फत कोभिड उपचारका लागि स्वास्थ्य सामाग्रीहरु बिरामीको लागि बेड, पि.पि.इ., अक्सिजन सिलिन्डर, सेनीटाइजर, मास्क, ग्लोब्स अक्सी मिटर र अन्य औषधीहरु प्राप्त भएको भनी सिफारिस साथ उक्त कार्यको लागि भएका खर्चहरुको विल भर्पाइहरु संलग्न राखी पठाइएकोमा उक्त सामाग्रहरुको जिन्सी दाखिला प्रतिवेदन समेतको आधारमा बिल भर्पाइ बमोजिमको रु.४८,०००।- (अक्षरेपी अठ्चालीस हजार मात्र) रकम भुक्तानी गर्ने ।

निर्णय नं.४) प्रस्ताव नं.५ मा छलफल गर्दा सुगम ओम इन्फ्राटेक जोइन्ट भेन्चर, जनकपुरको मिति २०७८।०३।१८ को पत्रबाट Construction of Blacktop Road on the Way from Thakai petrol pump to south to ward no:1 मि.न.पा. को सडक निर्माण ठेक्काको कार्यसम्पन्न गर्ने सन्दर्भमा कोभिडको कारणले भएको लकडाउनको अवस्था, बाटो सम्बन्धी विवाद, पानी निकासमा समस्या लगायतका कारणले गर्दा कार्य सम्पन्न हुनुपर्ने मितिको म्याद थप गर्न अनुरोध भएकोमा उक्त कार्यको लागि २०७८ असोज मसान्तसम्मको लागि म्याद थप स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.६ मा छलफल गर्दा यस न.पा. कार्यालयसंग भएको सम्झौता बमोजिम तयार भई स्वीकृतिका लागि पेश भएको निम्न विस्तृत परियोजना प्रतिवेदन (DPR) यस न.पा.कार्यालया प्रविधिकको राय समेतको आधारमा स्वीकृत गर्ने निर्णय पारित गरियो :

क) चन्द्रिका ग्रुपस् अफ इन्जिनियर्स प्रा.लि. बाट तयार भइ पेश भएको मिथिला सागर पोखरिया को DPR।

ख) कोशी इन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट तयार भइ पेश भएको बृद्धाश्रम निर्माण, मि.न.पा. ३ को DPR।

ग) राज इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.बाट तयार भइ पेश भएको खेलकुद मैदान निर्माण, मि.न.पा.३ को DPR।

०७८/३/२९

घ) मिडलेन्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्टक्सन प्रा.लि.बाट तयार भइ पेश भएको चमनिमाइ जाने बाटो, मि.न.पा. ४ को DPR।

निर्णय नं.६) प्रस्ताव नं.७ मा छलफल गर्दा आ.व.२०७७।०७८ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका निम्न जटिल प्रकृतिका आयोजनाहरु उपभोक्ता समितिहरुसंग सम्झौता भैसकेका कार्यहरुको अनुमोदन गर्ने निर्णय पारित गरियो ।

क) डिप ट्र्युववेल निर्माण निर्माण उपभोक्ता समिति, मि.न.पा. वडा नं. २ (रु.४५,००,०००।-)

ख) डिप ट्र्युववेल सिंचाई वोरिङ्ग निमार्ण उपभोक्ता समिति, मि.न.पा. वडा नं.१ (रु.२०,००,०००।-)

ग) खोपानी सिंचाई प्रयोजन उपभोक्ता समिति, मि.न.पा. वडा नं.३ (रु.५०,००,०००।-)

घ) डिप ट्र्युववेल सिंचाई वोरिङ्ग निमार्ण उपभोक्ता समिति, मि.न.पा. वडा नं.१ ( रु.२०,००,०००।-)

ङ) कुसम सिंचाई उपभोक्ता समिति, मि.न.पा. वडा नं.८ (रु.४५,००,०००।-)

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा नगर उप प्रमुखज्यूबाट प्रदेश न.२ सरकारद्धारा स्थानीय तहका पदाधिकारीहरुलाई दिने भनी तोकिएको सेवा सुविधाहरु मध्ये यातायात खर्च र इन्धन खर्च हालसम्म पनि लागु भएको समयबाट प्राप्त नभएको हुंदा सो वापतको नियम अनुसार पाउनु पर्ने रकम सुविधा उपलब्ध गराइदिनु हुन भनी मिति २०७८।०३।०३ को निवेदनबाट अनुरोध भएकोमा यस न.पा.कार्यालयको जिन्सी र प्रशासन शाखाबाट पेश भएको राय समेतको आधारमा २०७६ चैत्र महिनादेखि हालसम्मको सवारी साधन सुविधा वापत प्रदेश नं. २ सरकारबाट जारी भएको स्थानीय स्तरका पदाधिकारीहरुको सेवा सुविधा व्यवस्थापन गर्ने सम्बन्धी ऐन बमोजिम रकम भुक्तानी दिने निर्णय पारित गरियो ।

078/3/29